नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजबिराज दैनिक

वर्ष ३० अंक २३२ २०७८ साल बैशाख ६ गते सोमबार (19 Apr. 2021 Monday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : चुरे क्षेत्रमा पिउने ... ३ पृष्ठमा : विश्वभर कोरोनाबाट ... ३ पृष्ठमा : भारतमा एकै दिनमा दुई ...

# जलाशय किनार तथा घरको छतमा चैती छठ मनाइदै



**दैनिक समाचारदाता**
**राजबिराज, ५ बैशाख ।**

कोरोनाको त्रासका बीच आइतबार जलाशय किनारमा भिडभाड नगरि तथा घरको छतमा ब्रतालुहरुले चैती छठ पर्वमा मनाएका छन् ।

पारिवारिक सुख, शान्ति, कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकांक्षा पुरा हुने उद्देश्यले श्रद्धापूवर्क मनाइने चैती छठ पर्व अन्तरगत आइतबार सझियाघाट ( अस्ताउँदो सूर्यको पूजा) गरि ब्रतालु र श्रद्धालु पर्वमा सहभागि भएका हुन् ।

सझियाघाटको पूजामा ब्रतालुहरु तयार गरिएको पूजा सामाग्रि परिवारका सबै सदस्यसहित नदी, तलाउ, पोखरी र घरको छत लगायतका स्थानमा पूजा गरेका छन् ।

सदरमुकाम राजविराजको कल्टु, तुरन्ती, पूर्णिलगायतका जलाशय किनारमा पूजाघाटमा चैती छठ मनाउन ब्रतालु र दर्शनार्थी पुगेका छन् ।

यता कतिपय ब्रतालुले कोरोनाको जोखिमलाई ध्यानमा राखी घरकै छतमा अस्थायी पोखरीको निर्माण गरि छठ पर्वमा सहभागि भएको पाइएको छ । सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ दिएपछि यो पर्व विधिवत सम्पन्न हुनेछ ।

# राजबिराज वडा नं. ४ को कार्यालय भवन शिलान्यास



**दैनिक समाचारदाता**
**राजबिराज, ५ बैशाख ।**

राजबिराज नगरपालिका वडा नं. ४ को वडा कार्यालयको आइतबार शिलान्यास गरिएको छ ।

राजबिराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादबले एक कार्यक्रमबीच शिलान्यास गरेका हुन् ।

नयाँ माछा हटियाको छेउमा निर्माण हुन लागेको ४ कोठे भवनको निर्माण हुन लागेको वडा अध्यक्ष मोहम्मद अख्तरले बताउँदै उक्त भवन निर्माण गर्न राजबिराज नगरपालिकाले ९ महिना समय तोकिएको जानकारी दिए ।

राजबिराज नगरपालिकाको सहयोगमा कुल ४१ लाख ६ हजार ४ सय १९ रूपैया लागतमा निर्माण हुन लागेको वडा कार्यालय भवन २०७८ पुस २ गते सम्म सम्पन्न गर्ने सम्झौता गरिएको छ ।

उक्त वडा कार्यालय भवनको निर्माणको जिम्मेवारी माँ ओम बिराट निर्माण सेवा प्रा लि बिराटनगरले लिएको छ ।

सो अवसरमा राजबिराज नगरपालिका उपप्रमुख साधना झा, वडा ५ का वडा अध्यक्ष समिर झा, राजबिराज वडा ४ का वडा सदस्य महाबिर दास, आशा साह, डोमनी साफी, रोशन अंसारी, पत्रकार चन्दनकुमार यादब, लगायत स्थानियबासीहरूको उपस्थिति रहेको थियो ।




# नवनिर्वाचित पदाधिकारीलाई काँग्रेसको शुभकामना र सम्मान



**दैनिक समाचारदाता**
**राजबिराज, ५ बैशाख ।**

नेपाल पत्रकार महासंघ तथा उच्च अदालत बार एकाईको हालै सम्पन्न निर्वाचनमा भातृ संघसंस्थाबाट प्रतिनिधित्व गर्दै सहभागि भई निर्वाचित भएकाहरुलाई नेपाली काँग्रेस सप्तरीले सम्मान गरेको छ ।

नेपाली काँग्रेस क्षेत्र नं. २ ले आइतबार नव वर्षको शुभकामना आदान प्रदान तथा सम्मान कार्यक्रमको आयोजना गरि नवनिर्वाचितहरुलाई सम्मान गरेको हो ।

सम्मानित हुनेहरुमा प्रेस युनियनका तर्फबाट पत्रकार महासंघ सप्तरीको अध्यक्ष पदमा निर्वाचित श्रवण देव र सदस्य पदमा निर्वाचित परिष कर्ण छन् ।

यस्तै केन्द्रिय परिषद् सदस्यमा निर्वाचित मनोजकुमार माझी र प्रदेश परिषद् सदस्यमा निर्वाचित शिवनारायण साह पनि सम्मानित भएका छन् ।

कार्यक्रममा डेमोक्रेटिक लयर्स एशोसिएशएसनका तर्फबाट उच्च अदालत बार एकाईमा निर्वाचित रन्धिर कर्ण पनि सम्मानित भएका छन् ।

उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि काँग्रेस सप्तरीका सभापति दिनेश कुमार यादवले खादा ओढाई सम्मानित गरेका थिए ।

क्षेत्रिय सभापति महानन्द यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा काँग्रेसका नेता बिरवल बिराजी, नन्दकिशोर यादवलगायतले पनि शुभकामना दिएका थिए ।

# सवारी दुर्घटनामा दुईको मृत्यु

**दैनिक समाचारदाता**
**बिराटनगर, ५ बैशाख ।**

सुनसरी र मोरङमा भएको छुट्टाछुट्टै सवारी दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ ।

*बाँकी तीन पृष्ठमा*

# चुरे क्षेत्रमा पिउने पानीको समस्या

सर्लाही, ५ वैशाख (रासस)।

उत्तरी चुरे क्षेत्रका बासिन्दाले खानेपानीको सङ्कट झेल्दै आएका छन्। वर्षेनी सुक्खा मौसममा त्यस क्षेत्रका बासिन्दाले खानेपानीको अभाव व्यहोरिरहेका हुन्। सुक्खा याम शुरु भएपछि चुरे क्षेत्रका धारा, इनार, कुवालगायत खानेपानीका स्रोत सुक्ने गरेको स्थानीयवासीले बताएका छन्। चुरे डाँडा छेउछाउका बस्ती र चुरे डाँडा छेउछाउका बस्तीमा फागुनदेखि नै खानेपानीको समस्या सिर्जना हुने गर्दछ।

हिउँदका केही महिना चुरे क्षेत्रमा पर्ने भालुखोप, केराबारी, वनमारा, बेलडाँडा, कालीञ्जोर, परवानीपुर, नारायणखोला, अत्रौली, ढुङ्गेखोलालगायत क्षेत्रमा खानेपानीको सङ्कट हुने गरेको हो। बढ्दो वन विनाश र अवैध उत्खननले गर्दा पछिल्ला वर्षमा खानेपानीका मुहान चाँडो सुक्न थालेका छन्।

यस क्षेत्रका बासिन्दा एक गाग्री खानेपानी जोहो गर्न घण्टौँ धाएर छिमेकी गाउँसम्म पुग्न बाध्य भएका छन्। गाउँका ४०/४५ घरधुरीका लागि एउटा मात्रै कुवा रहेको र त्यसमा रातभरि जम्मा भएको पानीले दुई/चार घरलाई मात्र पुग्ने गरेको ईश्वरपुर नगरपालिका-१२, कालीञ्जोरका कान्छा लामाले बताउनुभयो। "अहिले गाउँका अधिकांशले नजिकैको खोला, कुवा र छिमेकी गाउँबाट पानी ल्याएर खाइरहेका छौँ", उहाँले सुनाउनुभयो। चुरेका बासिन्दा र वस्तुभाउले एउटै खोला/खोल्साको पानी खान्छन्। दूषित पानी पिउँदा स्थानीय बासिन्दा बर्सेनि पखालालगायत अन्य पानीजन्य रोगको शिकार बन्दै आएका छन्।

लालबन्दी नगरपालिका-१२ भालुखोपका वीरबहादुर रानाले फागुन र चैतमा खानेपानीको जोहो गर्न निकै अप्ठ्यारो हुने गरेको गुनासो गर्नुभयो। "मुहानै सुक्न थालेपछि गाउँका धारामा कम पानी आउन थालेको छ", रानाले भन्नुभयो। एक गाग्री पानीका लागि पाँच घण्टासम्म कुर्नुपर्ने बाध्यता रहेको स्थानीयवासीको भनाइ छ।

खानेपानीको अभाव टार्न गत वर्ष लालबन्दी, वाग्मती र हरिवन नगरपालिकाले लिफ्ट प्रविधिबाट चुरेका केही बस्तीमा खानेपानी पुऱ्याए पनि केही स्थानबाहेक अधिकांश बस्तीमा त्यो प्रविधि प्रभावकारी नभएको स्थानीयवासीले बताएका छन्। नगरको उत्तरी क्षेत्रका बस्तीमा खानेपानीको अभाव हुन नदिन पुराना इनार मर्मत एवम् नयाँ निर्माण गर्ने र ठाउँठाउँमा डिप बोरिङ गाड्ने काम भइरहेको जनप्रतिनिधिले बताएका छन्।

हरिवन-१ चुरेपाखोस्थित धिमिलेमा आधा दर्जन गाउँलाई पानी खुवाउन ओभरहेड टयाङ्की शिलान्यास गरिएको छ। नगरप्रमुख गणेशप्रसाद प्रसाईंले उक्त ओभरहेड टयाङ्कीको शिलान्यास गर्नुभएको हो। चालु आव २०७७/७८ सम्म सम्पन्न गर्ने गरी दुई हजार लिटर क्षमताको ओभरहेड टयाङ्की निर्माण गर्न शुरु गरिएको नगरप्रमुख प्रसाईंले जानकारी दिनुभयो। सो आयोजनाअन्तर्गत वडा वडा नं १ का सात स्थानमा त्यति नै क्षमताको टयाङ्की निर्माण हुने नगरपालिकाले जनाएको छ। रु एक करोड ५० लाख लागतमा निर्माण हुन लागेको टयाङ्कीमा दुई मुहानबाट पानी लिफ्टिङ गरेर लैजाने योजना रहेको नगर उपप्रमुख रेणुका पौडेलले बताउनुभयो।

यसरी लिफ्टिङ गरिएको पानी चुरेडाँडामा रहेका वनमारा, केराबारी, थामीटोल, विलन्दी र बेलडाँडामा पाइपलाईनमार्फत वितरण गरिनेछ। पानीको उपयुक्त स्रोत नहुँदा स्थानीयवासीले मूलको जरुवा पानीलाई कुवा बनाएर सङ्कलन गरेर पिउँदै आएका छन्। त्यहाँ रहेको कुवा पनि हिउँदको केही महिना सुक्ने गर्दा काकाकुलको अवस्था बेहोर्नु परेको स्थानीयवासी सोमबहादुर वाइवाले गुनासो गर्नुभयो। गाउँमा पानी टयाङ्की निर्माण हुने र घरघरमा धाराबाट पानी आउने भएपछि स्थानीयवासी खुशी भएका छन्। नगरको अति विकट मानिने वडा नं १ र आसपासका क्षेत्रमा कसरी पानी पुऱ्याउन सकिन्छ भनेर थप अध्ययन गरिसकिएको र नजीकैको खोलाबाट लिफ्ट प्रविधिमार्फत खानेपानी पुऱ्याउने थप प्रयास भइरहेको नगरप्रमुख प्रसाईंले बताउनुभयो।

# उदयपुर गढीमा खानेपानीको हाहाकार

उदयपुर, ५ वैशाख (रासस)।

पर्यटकीयस्थलका रूपमा चिरपरिचित रहँदै आएको गढी गाउँपालिकाको उदयपुर गढी क्षेत्रमा खानेपानीको चरम समस्या भएको छ।

डेढ महिनादेखि सो क्षेत्रमा पानी लिफ्टिङ्ग गर्ने जेनेरेटर बिग्रिएकोले खानेपानीको हाहाकार भएको हो। स्थानीय होटेल व्यवसायी तथा घरबास (होमस्टे) सञ्चालक कृष्ण धमलाले गढी क्षेत्रमा खानेपानीको समस्या भएको जानकारी दिनुभयो।

तीन किलोमिटर दूरीमा रहेको जोगिधाराबाट लिफ्टिङ्ग गरेर पानी तान्ने गरिएको थियो। यसबाट गढी गाउँपालिकाको कार्यालयसहित झण्डै ५० घरले पानीको उपयोग गर्दै आएका थिए। केही स्थानीयवासी दुई घण्टा लाग्ने जोगिधारा र कोही नौ किलोमिटर वैद्यनाथ खोलाबाट ट्र्याक्टरमा पानी बोकाएर खान बाध्य छन्। गढी घुम्न आउने पर्यटकसमेत पानीको समस्या देखेर गढीमा बास बस्न छाडेका छन् भने घुम्न आउने पर्यटकको सङ्ख्या पनि ह्वात्तै घट्न पुगेको होमस्टे सञ्चालक देवराज राईले जानकारी दिनुभयो।

गाउँपालिकाका उपाध्यक्ष सानुकुमारी राउत भन्नुहुन्छ, "केही वर्षदेखि गढी क्षेत्रमा खानेपानी समस्या समाधान गर्न जोगिधाराबाट लिफ्टिङ्ग गरेर गढीका ५० घर जनतालाई धाराबाट पानी वितरण गर्दै आएका हौँ। केही महिनादेखि प्राविधिक समस्याका कारण खानेपानीको समस्या आयो।" उहाँले गढी क्षेत्रमा बिजुली आइसकेको र मेशिन सञ्चालन गर्न तेल नचाहिने हुँदा खानेपानीको समस्या छिट्टै समाधान हुने दाबी गर्नुभयो।

गाउँपालिकाका अध्यक्ष मोहन केपीछाके मगरले खानेपानी समस्या समाधान वैद्यनाथ खोलादेखि नै पानी लिफ्टिङ्ग गरेर गढी क्षेत्रसम्म पुऱ्याउन लागिएको जानकारी दिनुभयो। गढी समुद्री सतह देखि दुईहजार मिटरको उचाइरमा रहेको एतिहासिक पर्यटकिय स्थल हो। तत्कालीन राजा पृथ्वीनारायण शाहका फौजले आक्रमण गर्नु अघि गढीमा उदयसेन राजाले राज्य गरेको बताइएको छ।

गढीमा एक हजार वर्ष पुरानो वरको रूख रहेको छ भने पञ्चावती देवीको मन्दिर जस्ता महत्वपूर्ण मन्दिर पनि छ। गढीबाट उत्तरतिर एकैपटक ६ वटा हिमशृङ्खलाहरू अवलोकन गर्न सकिन्छ। गढीबाट दक्षिणतिर तराईको धनुषाको जनकपुर, सिरहा, सप्तरीसहित पश्चिमतिर सिन्धुली रामेछाप, ओखलढुङ्गा उत्तर खोटाङ र भोजपुर क्षेत्र एकैचोटि अवलोकन गर्न सकिन्छ।

एक सय गन्तव्यको सूचीमध्येमा गढी पनि रहेको छ। खानेपानीको समस्याका कारण गढीका धेरै जनता गाउँ छाडेर अन्यत्र बसाइँ सर्ने क्रम बढ्दै गएको छ। विसं २०६४ सम्ममा गढीक्षेत्रमा २२० घर रहेको भए पनि बसाइँ सर्ने क्रम बढ्दै गएपछि अहिले ५० घर मात्र रहेका छन्।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# विश्वभर कोरोनाबाट मृत्यु हुनेको संख्या ३० लाख बढी, संक्रमण बढ्नेक्रम यथावत्

पेरिस, ५ वैशाख (रासस-एएफपी)।

विश्वभर कोरोनाभाइरसको सङ्क्रमणबाट मृत्यु हुनेको संख्या ३० लाख २३ हजार नाघेको छ। विश्व स्वास्थ्य संगठन र जोन हप्किन्स विश्वविद्यालयको विवरण अनुसार कोरोनाभाइरसको महामारीबाट १४ करोड १५ लाखको हाराहारीमा मानिस सङ्क्रमित भएका छन्।

सन् २०१९ को डिसेम्बरमा चीनको उहान शहरमा देखा परेको भनिएको कोरोनाभाइरसबाट सर्वाधिक असर युरोप र अमेरिकामा परेको भेटिएको छ। विश्वभर अझै पनि सक्रिय सङ्क्रमितको संख्या एक करोड ८४ लाख छ जसमा मध्यम किसिमका लक्षण भएकाहरु एक करोड ८२ लाख छ भने गम्भीर अवस्थामा उपचार गराइरहेकाहरु एक लाख सात हजार छन्।

कोरोनाभाइरस सङ्क्रमितमध्ये झण्डै १२ करोड मानिस सङ्क्रमणमुक्त भएका छन्। कूल सङ्क्रमितमध्ये करिब २ प्रतिशत अर्थात् ३० लाख २३ हजारको मृत्यु भएको छ।

पछिल्ला विवरणमा संयुक्तराज्य अमेरिका कोरोनाभाइरसबाट सर्वाधिक प्रभावित छ। अमेरिकामा हालसम्म तीन करोड २३ लाख सङ्क्रमित भएकामा ५ लाख ८० हजारको मृत्यु भएको छ। दोस्रो स्थानको ब्राजिलमा एक करोड ३९ लाख सङ्क्रमितमध्ये ३ लाख ७१ हजारको ज्यान गएको छ।

त्यस्तै, भारतमा एक करोड ४८ लाख सङ्क्रमित भएकामध्ये एक लाख ७७ हजारको मृत्यु भएको छ।

युरोपमा हालसम्म चार करोड २७ लाख सङ्क्रमित भएकामा नौ लाख ७४ हजारको ज्यान गएको छ जसमा बेलायतमा एक लाख २७ हजार, इटालीमा एक लाख १६ हजार, रसियामा एक लाख पाँच हजार, फान्समा एक लाख, जर्मनीमा ८० हजार, स्पेनमा ७६ हजार, पोल्याण्डमा ६१ हजार, युक्रेनमा ३९ हजार रहेका छन्।

यस्तै, उत्तर अमेरिकी महादेश अन्तर्गत संयुक्तराज्य अमेरिकामा ५ लाख ८० हजार, मेक्सिकोमा २ लाख १२ हजार, क्यानडामा २३ हजार, ग्वाटेमालामा सात हजार, पनामा ६ हजार, होन्डुरसमा ५ हजार, डोमिनिकन रिपब्लिकमा ३ हजार ४०० को मृत्यु भएको छ।

उता दक्षिण अमेरिकी मुलुकहरुमा कोरोनाभाइरसको सङ्क्रमणले धेरैको ज्यान लिएको छ। कूल ६ लाख २० हजारको ज्यान गएको दक्षिण अमेरिकामा ब्राजिल सर्वाधिक प्रभावित छ। पछिल्लो विवरण अनुसार ब्राजिलमा ३ लाख ७२ हजार, कोलम्बियामा ६७ हजार, अर्जेन्टिनामा ५९ हजार, पेरुमा ५६ हजार, चिलीमा २५ हजार, इक्वेडरमा १७ हजार, बोलिभियामा १२ हजार, पाराग्वेमा ५ हजार, भेनेजुएलामा करिब २ हजारको मृत्यु भएको छ।

एसियाली मुलुकहरुमध्ये कोरोनाभाइरसबाट सर्वाधिक असर भारतमा भएको छ। सङ्क्रमणको दर पनि उच्च रहेको भारतमा एक लाख ७७ हजारको मृत्यु भइसकेको छ। इरानमा ६६ हजार, इन्डोनेसियामा ४३ हजार, टर्कीमा ३५ हजार, पाकिस्तानमा १६ हजार, फिलिपिन्समा १५ हजार, इराकमा १५ हजार, बंगलादेशमा १० हजार, जापानमा ९ हजार, जोर्डनमा ८ हजार, लेबनानमा ६ हजार, इजरायलमा ६ हजार, चीनमा चार हजार ६३६ जनाको मृत्यु भइसकेको छ।

तुलनात्मक रुपमा अफ्रिकी महादेशमा कोरोनाभाइरस सङ्क्रमण र मृत्युदरमा कमी छ। तैपनि अफ्रिकी महादेशमा करिब ४५ लाख सङ्क्रमित भएकामध्ये करिब एक लाख १८ हजारको मृत्यु भएको छ।

अफ्रिकी मुलुकमध्ये दक्षिण अफ्रिकामा ५३ हजार ७००, इजिप्टमा १२ हजार ६९४, ट्युनिसियामा ९ हजार ७१७, मोरक्कोमा ८ हजार ९४४, इथियोपियामा तीन हजार, अल्जेरियामा तीन हजार, लिबियामा २ हजार ८८२, केन्यामा २ हजार ४६३, सुडानमा २ हजार, नाइजेरियामा २ हजारको ज्यान गएको छ।

पछिल्लो एक सातामा कोरोनाभाइरसबाट करिब ५३ लाख व्यक्ति सङ्क्रमित भएका छन् जसमा भारतमा मात्र करिब १४ लाख संक्रमित भएको पाइएको छ। यो अघिल्लो साताको तुलनामा झण्डै ६४ प्रतिशत बढी हो। त्यस्तै, अमेरिकामा करिब पाँच लाख, ब्राजिलमा ४ लाख ५५ हजार, टर्कीमा करिब चार लाख, फ्रान्समा २ लाख ३७ हजार, इरानमा १ लाख ६६ हजार, अर्जेन्टिनामा एक लाख ६० हजार नयाँ सङ्क्रमित देखिएका छन्।

कोरोना संक्रमणको दोस्रो, तेस्रो लहर चलेको अवस्थामा पछिल्लो एक सातामा ८१ हजार ८६२ जनाको मृत्यु भएको छ। अघिल्लो साताको तुलनामा यो झण्डै ७ प्रतिशत अर्थात् ५ हजार २९७ बढी हो।

## सवारी दुर्घटनामा ...

शनबार राती सुनसरी ईटहरी ६ पुर्वपश्चिम राजमार्गमा पुर्वतर्फ जादै गरेको ना.५ख. ११११ नम्बरको बसले बिपरित दिशाबाट आउदै गरेको को.३३प. ३२४० नम्बरको मोटरसाईकललाई ठक्कर दिएको थियो।

ठक्करबाट मोटरसाईकल चालक ईटहरी ८ का ४२ बर्षीय बिरेन्द्र चौधरीको मृत्यु भएको हो। गम्भिर घाइते भएका उनको घोपा धरानमा उपचारका क्रममा सोही राती मृत्यु भएको प्रहरीले जनाएको छ।

बस र चालक ईटहरी १२ खनार का ३८ बर्षीय सन्तोष वि.क. नियन्त्रणमा रहेको ईलाका प्रहरी कार्यालय ईटहरीले जनाएको छ।

त्यस्तै आइतबार बिहान मोरङ धनपालथान गाऊपालिका ४ स्थित भलुवा चौकमा पश्चिम तर्फ जादै गरेको को.२७प. ६४५९ को मोटरसाईकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाईकल चालक रंगेली नगरपालिका २ का २३ बर्षीय भोला शर्माको उपचारका क्रममा मृत्यु भएको छ।

सो दुर्घटनामा मोटरसाइकल पछाडी सवार सोही स्थान ३ का २२ बर्षीय कासमिक मुर्मु गम्भिर घाईते भएका छन्। उनको कोशी अस्पतालमा उपचार भईरहेको ईलाका प्रहरी कार्यालय रंगेलीले जनाएको छ।

# बालबालिकाको स्वास्थ्याधिकारप्रति संवेदनशील बन्न आयोगको आग्रह

काठमाडौँ, ५ वैशाख (रासस)।

राष्ट्रिय मानव अधिकार आयोगले बालबालिकाको स्वास्थ्यको अधिकारलाई ध्यानमा राखी पठनपाठनको वैकल्पिक व्यवस्था गर्न सरकार तथा सम्बन्धित पक्षलाई आग्रह गरेको छ। आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले आइतबार प्रेस विज्ञप्ति जारी गरी बालबालिकाको जीवनको अधिकारको ख्याल राख्दै शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्न आग्रह गर्नुभएको छ।

विद्यालय सञ्चालन गर्ने, गराउने विषयमा नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र शिक्षा मन्त्रालयबाटै परस्पर विरोधाभाषपूर्ण सूचना सम्प्रेषण नगर्न आग्रह गर्दै विज्ञप्तिमा भनिएको छ, "अभिभावक र विद्यार्थीहरूमा मनोवैज्ञानिक त्रास सिर्जना गर्नुहुँदैन, स्वास्थ्यको विषयमा स्वास्थ्य मन्त्रालयको राय, सल्लाह, अनुरोध वा सूचनाबमोजिम गर्न र स्वास्थ्य जस्तो संवेदनशील विषयलाई गम्भीरतापूर्वक लिई व्यवहार गर्न, गराउन नेपाल सरकार तथा सम्बन्धित पक्षलाई आयोग आग्रह गर्दछ।"

आयोगले हालै काठमाडौँ उपत्यकास्थित विभिन्न विद्यालयमा स्वास्थ्य सुरक्षाका आवश्यक मापदण्ड पालना तथा बालबालिकामा कोरोना सङ्क्रमणको जोखिमको अवस्था सम्बन्धमा स्थलगत अनुगमन गरेको छ। अनुगमनबाट निजी विद्यालयका तुलनामा सरकारी विद्यालयमा स्वास्थ्यसम्बन्धी मापदण्डको पालना नभएको, विद्यार्थी सङ्ख्या धेरै भएका कारण मापदण्डको पालना गर्न सम्भव नभएको भन्ने शिक्षकको भनाइ रहेको तथा टाउको दुखेका बिरामीसमेत अन्य विद्यार्थीसँगै कक्षा कोठामै राखिएको पाइएको छ।

गत दुई हप्तामा तीन सयभन्दा बढी बालबालिका कोभिड-१९ बाट सङ्क्रमित भएको जानकारी विभिन्न माध्यमबाट आयोगलाई प्राप्त भएको छ।

स्वास्थ्य मन्त्रालयले उच्च जोखिममा रहेका काठमाडौँ उपत्यकासहितका १४ जिल्लामा शिक्षण संस्थालगायत बढी भीडभाड हुने क्षेत्र तथा सेवा तत्कालका लागि बन्द गर्न सुझाव दिएका अवस्थामा शिक्षण संस्था हाल सञ्चालनमै रहेको एवं स्वास्थ्य सुरक्षाका मापदण्ड पालना नहुँदा बालबालिकाको स्वास्थ्यको अधिकार जोखिममा परेको देखिएको आयोगले जनाएको छ।

नेपालको संविधानको धारा ३९ ले बालबालिकाको हकको व्यवस्था गर्नाका साथै नेपाल पक्ष राष्ट्र बनेको बालअधिकारसम्बन्धी अन्तरराष्ट्रिय महासन्धि, १९८९ को धारा २४ ले बालबालिकाको उच्चतम स्वास्थ्यको हितलाई ध्यान दिनुपर्ने उल्लेख गरेको आयोगले स्मरण गराएको छ।

# माओवादीले समर्थन फिर्ता नलिएसम्म नयाँ सरकारको सम्भावना छैन : देउवा

काठमाडौँ, ५ वैशाख (रासस)।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेकपा (माओवादी केन्द्र) ले वर्तमान सरकारलाई दिएको समर्थन फिर्ता नलिएसम्म नयाँ सरकार गठनको सम्भावना नरहेको बताउनुभएको छ। नुवाकोटका साहित्यकार श्रीराम श्रेष्ठद्वारा लिखित पुस्तक 'नेपाली जनजातीय संस्कार र संस्कृति' पुस्तकको आइतबार विमोचन गर्दै उहाँले माओवादी केन्द्रले सरकारलाई दिएको समर्थन फिर्ता नलिएसम्म नयाँ सरकार गठन नहुने स्पष्ट गर्नुभयो।

"सर्वोच्च अदालतको फैसलाले एमाले र माओवादी केन्द्र अलग भएका छन्, माओवादी केन्द्रले दिएको समर्थन फिर्ता नलिएसम्म वर्तमान सरकार बहुमतमै छ", उहाँले भन्नुभयो। माओवादीले अविश्वासको प्रस्ताव फिर्ता लिएमा कांग्रेसले सरकार गठन गर्न अग्रसरता लिने उहाँको भनाइ थियो। सभापति देउवाले संस्कृतिसम्बन्धी श्रेष्ठको पुस्तक शोधकार्यका लागि महत्वपूर्ण, पठनीय र सङ्ग्रहणीय भएको पनि बताउनुभयो।

## विश्व समाचार

### भारतमा एकै दिनमा दुई लाख ६१ हजार सङ्क्रमित, १५०० को मृत्यु

नयाँ दिल्ली, ५ वैशाख (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट एकै दिनमा दुई लाख ६१ हजारभन्दा बढी सङ्क्रमित भएका छन्। "एकै दिनमा यति धेरै सङ्क्रमित भएको यो पहिलोपटक हो", एक सरकारी उच्च अधिकारीले आइतवार भने।

उनीहरुका अनुसार पछिल्लो २४ घण्टामा भारतमा दुई लाख ६१ हजार ५०० जना नयाँ सङ्क्रमित थपिएका छन्।

त्यसैगरी सोही अवधिमा भारतमा एक हजार ५०१ जनाको कोरोनाभाइरसका कारण मृत्यु भएको पनि केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

पछिल्लो विवरणसँगै भारतमा कोरोनाभाइरसबाट कुल मृतकको सङ्ख्या एक लाख ७७ हजार १५० पुगेको देखिएको छ।

त्यसैगरी कोरोनाभाइरसबाट अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या एक करोड ४७ लाख ८८ हजार १०९ पुगेको मन्त्रालयले जनाएको छ।

भारतमा अहिले पनि सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या भने १८ लाख एक हजार ३१६ पुगेको अधिकारीहरुले जानकारी दिएका छन्।

पछिल्लो २४ घण्टामा एक लाख ३८ हजार ४२३ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएको विवरण मन्त्रालयले सार्वजनिक गरेको छ। योसँगै अहिलेसम्म सङ्क्रमणमुक्त भएकाहरुको कुल सङ्ख्या एक करोड २८ लाख नौ हजार ६४३ पुगेको छ।

भारतमा शनिबार मात्रै १५ लाख ६६ हजार ३९४ जनाको कोरोना परिक्षण गरिएको भारतीय स्वास्थ्य अनुसन्धान परिषदले जनाएको छ।

अप्रिल १७ सम्म कूल २६ करोड ६५ लाख ३८ हजार ४१६ जनाको कोरोना परीक्षण गरिएको पनि परिषदले उल्लेख गरेको छ।

कोरोना भाइरसको महामारी फैलिने क्रम एकातिर चलिरहेको छ भने अर्कोतर्फ कोरोनाभाइरस विरुद्धको खोप चलाउने क्रम पनि चलिनै रहेको छ।

भारतमा अहिलेसम्म १२ करोड २६ लाख २२ हजार ५९० ओटा खोप खपत भएको छ। भारतमा अहिले कोभिसिल्ड, कोभ्याक्सीन र स्पुट्नीक भी गरी तीन प्रकारका खोपको प्रयोग भइरहेको सरकारी निकायहरुले जनाएका छन्।

रुसले विकास गरेको स्पुट्नीक भी भने यही अप्रिल १२ देखि मात्रै लगाउन थालिएको अधिकारीहरुले जानकारी दिएका छन्।

### कुम्भ मेलाबाट फर्केकालाई दिल्लीमा १४ दिने क्वारेन्टिन अनिवार्य

नयाँ दिल्ली, ५ वैशाख (रासस/एएनआई)।

भारतको केन्द्रीय राजधानी रहेको दिल्ली प्रदेशमा कुम्भ मेलामा सहभागी भएर आएकाहरुलाई १४ दिन अनिवार्य क्वारेन्टिनमा बस्नु पर्ने व्यवस्था गरिएको छ।

हरिद्वारमा लागेको कुम्भ मेलामा सहभागी सयौं मानिस कोरोनाभाइरसबाट सङ्क्रमित भएको पुष्टि भएकाले त्यहाँबाट आउनेहरुलाई क्वारेन्टिनमा राख्ने निर्णय भएको प्रदेश सरकारले जनाएको छ।

प्रदेश सरकारद्वारा जारी निर्देशनमा कुम्भ मेलाबाट आएकाहरुले आफैं पनि स्वास्थ्य सतर्कता अपनाउनु पर्ने र क्वारेन्टिनमा बस्नु पर्ने उल्लेख गरिएको छ।

प्रदेश सरकारको निर्देशन नमान्नेहरुलाई कानुन अनुसार कडा सजाय हुने चेतावनी पनि दिइएको छ।

प्रदेशका मुख्य सचिव विजय देवद्वारा जारी निर्देशनमा होम क्वारेन्टिन बसे पनि हुने उल्लेख गरिएको छ।

यही अप्रिल ४ देखि १७ सम्म कुम्भ मेलामा गएकाहरुले २४ घण्टा भित्र आफ्नो विवरण प्रदेश सरकारलाई उपलब्ध गराउन पनि आह्वान गरिएको छ।

"त्यसैगरी जो यही अप्रिल १८ देखि ३० सम्म कुम्भ मेलामा जाँदै हुनुहुन्छ, उहाँहरुले पनि दिल्ली प्रदेश छोड्नु अघि केही मुख्य विवरणहरु बुझाउनु पर्ने व्यवस्था गरिएको छ," निर्देशनमा लेखिएको छ।

कुम्भ मेलामा सहभागी भएका मध्ये १७ सयभन्दा बढी व्यक्तिमा कोरोनाभाइरस सङ्क्रमण भएको पुष्टि गरिएको थियो।

लाखौं मानिस सहभागी भएको हिन्दूहरुको महान मेलामा मास्क लगाउनु पर्ने, सामाजिक दुरी कायम गर्नु पर्नेलगायतका आधारभूत मापदण्डहरु खुलेआम उल्लङ्घन भएको थियो।

दिल्ली प्रदेशमा मात्रै पछिल्लो २४ घण्टामा २४ हजार ३७४ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन्।

एकै दिनमा सङ्क्रमित भएकाहरुको सङ्ख्या यो नै अहिलेसम्मकै सबैभन्दा धेरै भएको अधिकारीहरुले जनाएका छन्।

भारतको दिल्ली प्रदेशमा अहिले पनि झण्डै ७० हजार मानिस कोरोनाभाइरसबाट सङ्क्रमित अवस्थामै रहेका छन्।

### अफगानिस्तानको मस्जिदमा एकै परिवारका आठ जनाको हत्या

जलालाबाद, ५ वैशाख (रासस-एएफपी)।

अफगानिस्तानको जलालाबाद शहरमा एउटा मस्जिदमा बन्दुकधारीले गरेको आक्रमणमा एकै परिवारका आठ जनाको हत्या गरेका छन्।

स्थानीय प्रहरीका अनुसार जमिनको विवादका कारण उक्त घटना भएको अनुमान गरिएको छ। प्रान्तीय गभर्नर जैउलहक अमरखिलले घटनामा पाँच जना दाजुभाइ र तीन जना भाइभतिज मारिएको जानकारी दिनुभयो।

नान्गरहर प्रहरीका प्रवक्ता फरिद खानले शनिबार राति उक्त घटना भएको पुष्टि गर्नुभयो। अफगानिस्तानमा प्रतिशोध हत्या निकै हुने गरेको छ र यस्तो घटना निकै पुस्तासम्म चल्ने गरेको छ।

मुस्लिमको पवित्र रमजान पर्वका दिनहरुमा साँझपख मस्जिदमा गएर प्रार्थना गर्ने चलन छ। यही क्रममा उक्त घटना भएको हो।

# छात्रालाई निःशुल्क लोकसेवा तयारी कक्षा शुरु

पर्सा, ५ वैशाख (रासस)।

निजामती सेवामा महिलाको सहभागिता बढाउने मुख्य उद्देश्यका साथ प्रदेश नं २ सरकारले छात्राका लागि निःशुल्क लोकसेवा तयारी कक्षा शुरु गरेको छ। प्रदेश सरकारले आइतबार वीरगञ्जमा आयोजना गरेको कार्यक्रममा मुख्यमन्त्री लालबाबु राउतले सो कक्षाको शुभारम्भ गर्नुभयो।

निःशुल्क कक्षाको शुभारम्भ गर्दै उहाँले समाजमा रहेका सबैखाले विभेदको अन्त्य गर्दै सबै क्षेत्रमा महिलाको समान सहभागिता गराउन सकिए समृद्धिको लक्ष्य चाँडै हासिल गर्न सकिने धारणा व्यक्त गर्नुभयो। उहाँले बढ्दै गएको महिला हिंसाको अन्त्यका लागि निजामतीलगायत सबै क्षेत्रमा महिलाको सहभागिता बढाउन जरुरी रहेको आङ्कलन जनाउँदै प्रदेशको आठवटै जिल्लाका छात्राका लागि दुई महिनासम्म निःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन गर्न लागिएको बताउनुभयो।

उहाँले शिक्षाप्रति महिलाको आकर्षण बढाउन र लेखाइपढाइलाई सहज बनाउन प्रदेश सरकारले चाँडै सामुदायिक विद्यालयमा आध्ययनरत सबै छात्रालाई निःशुल्क साइकल वितरण गर्नाका साथै केही छात्रालाई ल्यापटपसमेत वितरण गर्ने तयारी रहेको बताउनुभयो। महिलालाई शिक्षितमात्र नभई सरकारी जागिरमा बढी प्राथमिकता दिन प्रदेश सरकारले प्रदेश प्रहरी नियमावली तथा प्रदेश निजामती नियमावलीमा महिलालाई ५० प्रतिशत आरक्षणको व्यवस्थासमेत गरेको मुख्यमन्त्री राउतले जानकारी दिनुभयो।

प्रदेश सरकारका मुख्य सचिव गौकर्णमणि दवाडी, प्रदेशसभा सदस्य प्रल्हाद गिरी, करिमा बेगम, वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख विजयकुमार सरावगी, प्रजिअ पिताम्बर घिमिरेलगायतले आधा आकाश ढाकिने महिलालाई समान अवसर दिइए समाज तथा राष्ट्रलाई समृद्ध तथा सुसंस्कृति बनाउन धेरै समय नलाग्ने धारणा व्यक्त गर्नुभएको थियो। 'बेटी पढाऊ, बेटी बचाऊ' अभियानअन्तर्गत प्रदेशका आठ जिल्लामा रहेका ३२० छात्रालाई खरिदार तथा नासु पदका लागि लोकसेवा आयोग परीक्षाको तयारी गराइने बताइएको छ।

# गृहमन्त्रीमा थापा पुनःनियुक्त

काठमाडौं, ५ वैशाख (रासस)।

राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्री केपी शर्मा ओलीका सिफारिशमा नेकपा (एमाले)का नेता रामबहादुर थापालाई गृहमन्त्रीमा पुनः नियुक्त गर्नुभएको छ।

नेकपा (एमाले) संसदीय दलका नेता ओलीका नेतृत्वमा विसं २०७४ फागुन ३ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७८ को उपधारा (१) बमोजिम सो नियुक्ति गरिएको राष्ट्रपतिको कार्यालयका प्रवक्ता रुपनारायण भट्टराईद्वारा आइतबार यहाँ जारी विज्ञप्तिमा जनाइएको छ।

गृहमन्त्री थापा आइतबारै राष्ट्रियसभा सदस्यबाट मुक्त हुनुभएको थियो। कुनै पनि व्यक्ति सांसद पदमा नरहे पनि छ महिनासम्म मन्त्री बन्न पाउने संवैधानिक प्रावधान छ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का तर्फबाट विसं २०७४ को राष्ट्रियसभा सदस्य निर्वाचनमा वाग्मती प्रदेशबाट चयन हुनुभएका थापालाई राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम दल त्याग गरेकाले राष्ट्रियसभा सदस्यबाट मुक्त गरिएको थियो।

राष्ट्रियसभामा माओवादी केन्द्रका सचेतक दीनानाथ शर्माले उहाँलाई सांसदबाट मुक्त गर्न गत चैत २७ गते लिखितपत्र पेश गर्नुभएबमोजिम राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले आइतबार स्वीकृत गर्नुभएको थियो। राजनीतिक दलसम्बन्धी ऐनअनुसार थापाको सदस्य पद रिक्त भएको संसद् सचिवालयले जनाएको छ।


## सूचना

**नोभल कोरोना भाईरस (कोभिड-१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# अयोध्याधामको आधिकारिकता प्रमाणित गर्नुपर्छ : अध्यक्ष दाहाल

चितवन, ५ वैशाख (रासस)।

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालले माडीको अयोध्यापुरीमा रामको जन्मभूमि भन्ने विषय प्रमाणित गर्नुपर्ने बताउनुभएको छ। मन्दिरलगायतका संरचना बन्दै गरेको सो ठाउँको आइतबार निरीक्षणपश्चात् उहाँले यसको गम्भीर अनुसन्धान गरेर प्रमाणित गर्नुपर्ने बताउनुभएको हो।

उहाँले आफ्नै निर्वाचन क्षेत्रमा अयोध्याधामको चर्चाले निकै खुशी भएको जनाउँदै उहाँले भन्नुभयो, "यसलाई गम्भीर अनुसन्धान गर्नुपर्छ, प्रमाणित गरिनुपर्छ र आधिकारिकता दिनुपर्छ।" यसले धार्मिक प्रवर्द्धन मात्रै होइन धार्मिक पर्यटन प्रवर्द्धन गर्नाका साथै जनताको आर्थिक जीवनस्तर उकास्न सहयोग पुग्ने उहाँले बताउनुभयो।

यस बारेमा आफूले पार्टीमा पनि छलफल गरेको जनाउँदै दाहालले यसलाई प्रमाणिकता दिन पुरातत्वविज्ञ ल्याएर आवश्यक अनुसन्धान गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले थप्नुभयो, "अनुसन्धानबाट प्रमाणित भयो भने निकै ठूलो उपलब्धि हासिल हुनेछ।" यसले जिल्लाका बासिन्दालाई मात्रै नभएर सिङ्गो राष्ट्रका लागि गौरवको विषय हुने उहाँको भनाइ थियो।

कम्युनिष्टले जनताको धार्मिक आस्थाप्रति उच्च सम्मान गर्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, "कम्युनिष्ट धर्म संस्कृति मान्दैनन् भन्छन्, बिल्कुल झुटो प्रचार हो, यो ६० वर्ष पुगेपछि मान्छे मार्छन् भने जस्तै हो।" जनताको धार्मिक आस्था, धार्मिक पर्यटन प्रवर्द्धन त्यसमार्फत जनताको जीवनस्तरलाई समृद्ध बनाउने कुरामा कम्युनिष्ट झनै बढी जिम्मेवार र त्यसप्रति संवेदनशील हुने उहाँले जिकिर गर्नुभयो।

यस्ता विषय निकै संवेदनशील हुने भएकाले जनताको आस्था, भावना र संवेदनासँग सम्बन्धित ऐतिहासिक, पौराणिक र परम्परासँग जोडिएका विषयमा सस्तो लोकप्रियता प्राप्तिका लागि काम गर्न नहुने उहाँको सुझाव थियो। सरकारले यसलाई गम्भीर र जिम्मेवारीपूर्ण ढङ्गले लिनुपर्ने दाहालले बताउनुभयो।

माडी चितवनको क्षेत्र नं ३ मा पर्दछ। सोही क्षेत्रबाट दाहाल निर्वाचित हुनुभएको हो। माडीको अयोध्याधाममा राम, सीता, लक्ष्मण र हनुमानको मूर्ति यही वैशाख ९ गते राखिने भएको छ। मूर्ति राख्नका लागि निर्माण कार्य धमाधम भइरहेको छ। माडीका विभिन्न कार्यक्रममा सहभागी हुने क्रममा दाहालले सो क्षेत्रको निरीक्षण गर्नुभएको हो।


## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेटनुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np